पवन चामलिङ
मुख्यमन्त्री
सिक्किम सरकार





03592-202575 (O)
03592-202304 (R)
टाशीलिङ
गान्तोक - 737 101
सिक्किम


# सन्देश

हामी राज्यवासी वन-पर्यावरण र वन्यप्राणी संरक्षण अनि सम्वर्द्धन गर्ने दिशामा धेरै सचेत बनिसकेका छौं, प्राकृतिक सम्पदा र जैविक विविधताको धनी हाम्रो राज्य सिक्किमको एउटा छुट्टै मर्यादा र महत्त्व छ। प्राकृतिक हरियालीले भरिएको हाम्रो राज्य वनस्पति र पशुधनको भण्डार नै साबित भएको हुनाले अन्तर्राष्ट्रिय स्तरसम्म सिक्किमको ठूलो योगदान रहेको छ। हरित अभियान अन्तर्गत हाम्रो राज्यमा धेरै कार्यहरू भइरहेका छन्। यसै अभियानलाई निरन्तरता दिंदै गत १५ जुलाई २००६ को दिन १० मिनटको निम्ति सम्पूर्ण सिक्किमवासीले रूखका बिरूवाहरू रोपेर हरित क्रान्तिमा एउटा नयाँ आयाम थप्न सफल बनेका छौं।

राष्ट्रिय उद्यान र वन्यप्राणी अभायरण्यहरूका सृजना गरेर देशभरिमा नै संरक्षित क्षेत्रको बाहुल्य भएको राज्य भनेर सिक्किम चिन्हित छ। यो हाम्रो निम्ति गर्वको कुरा हो। हामीसित उपलब्ध हिमचितुवा, चितुवा, भालु, कस्तुरी मृग, स्यापी, वन भेड़ा, झारल, रेड पाण्डा, डाँफे, मुनाल, चिलिमे, चरा-चुरुङ्गी, पुतली, किरा-फटेङ्ग्रा, चाँप, गुँरास, सुनखरी, आदि हाम्रो अस्तित्वका निम्ति महत्त्वपूर्ण छन्।

वर्त्तमान परिप्रेक्ष्यमा विश्वलाई नै हेर्नु हो भने भूमण्डलीय उष्णता एउटा गम्भीर समस्या बनेर आज विश्व सामु देखापरेको छ। वन-जंगलको विनाश, कल-कारखानाहरूबाट प्रवाहित विषालु ग्यासहरू, अत्याधिक इन्धनहरूको प्रयोग अनि विद्युतीय उपकरण एवं यान-वाहनहरू आदिको प्रयोगको कारणले पृथ्वीको तापमानमा वृद्धि भइरहेको छ। जसको प्रभावले मौसम परिवर्तन, वातावरणमा प्रदुषण साथै हिमनदी अथवा हिम चट्टानहरू पग्लिने प्रक्रिया शुरू भइसकेको छ। यही अनुपातमा हिउँ पग्लिने क्रम जारी रह्यो भने निकट भविष्यमा हिमनदीहरू सम्पूर्ण रूपले क्षति भइसक्ने सम्भावना छ भनेर वैज्ञानिकहरूले अनुमान लगाउँदैछन्। अभाग्यवश यस्तै भयो भने पृथ्वी र मानव अस्तित्वको निम्ति ठूलो संकट आइपर्नेछ। यसर्थ, हामी मानव जातिले वन, पर्यावरण र वन्यप्राणीको संरक्षण र सम्वर्द्धनतर्फ कम्मर कसेर अघि बढ़ने आजको समयको माग हो भन्ने कुरा वन्यप्राणी सप्ताह - २००६ को उपलक्ष्यमा सारा राज्यवासीमा अवगत गराउन चाहन्छु।

हामी सबै मिलेर जैव विविधताको संरक्षण गरौं, हामीसँग उपलब्ध प्राकृतिक पूँजीको अभिवृद्धि गर्ने दिशामा काम गरौं अनि सम्पूर्ण मानव जातिको सुरक्षा र कल्याणको निम्ति प्रकृतिको रक्षा गरौं।

शुभकामना सहित!

पवन चामलिङ